# National News (Nepali) : 30/05/2026

यो आकाशवाणी हो

मुख्य समाचारहरु

१)प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमार्फत देश तथा विदेशका नागरिकहरूसँग आफ्नो 'मन की बात' कार्यक्रममा विचारहरू साझा गर्नुहुने

२) केन्द्रिय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानद्वारा 'खेत बचाओ अभियान' राष्ट्रिय स्तरमा निर्माण एवं संचालन गरिनुपर्ने आवस्यकता मा जोड

३) केन्द्रिय इलेक्ट्रोनिक्स तथा आईटी मन्त्री अश्विनी वैष्णवद्वारा आज ग्रेटर नोइडाको सुरजपुरस्थित 'लोहम' (LOHUM) उद्योगको भ्रमण ।

४) थलसेना अध्यक्ष जनरल उपेन्द्र द्विवेदीद्वारा भारतीय सशस्त्र बल, परिस्थिति अनुरुप आवश्यक परे 'अपरेशन सिन्दूर २.०' चरण -दुइ का लागि तयार रहेको जानकारी

-----------

## प्रधानमन्त्रीको 'मन की बात'

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमार्फत देश तथा विदेशका नागरिकहरूसँग आफ्नो 'मन की बात' कार्यक्रममा विचारहरू साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको १३४ औं शृङ्खला हुनेछ।

यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, एआईआर न्यूज को वेबसाइट, र न्यूजअनएयर मोबाइल एपमा एकसाथ प्रसारित हुनेछ। यसका साथै एआईआर न्यूज, डीडी न्यूज, प्रधान मन्त्रि कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि यसको प्रत्यक्ष प्रसारण हेर्न सकिनेछ। आकाशवाणीले हिन्दी प्रसारणको लगत्तै विभिन्न क्षेत्रीय भाषाहरूमा पनि यस कार्यक्रमको प्रसारण गर्नेछ।

## 'खेत बचाओ अभियान' लाई राष्ट्रिय अभियान बनाइने

केन्द्रिय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले 'खेत बचाओ अभियान' लाई खेत, किसान र गाउँहरूलाई जोड्ने एउटा बृहत् राष्ट्रिय अभियान बनाउनुपर्ने बताउनुभएको छ। नयाँ दिल्लीमा यस अभियानको तयारीबारे आयोजित उच्च स्तरीय बैठकको अध्यक्षता गर्दै मन्त्री चौहानले रासायनिक मलको अन्धाधुन्ध प्रयोगलाई रोक्दै सन्तुलित प्रयोगमा जोड दिनु नै यस अभियानको मुख्य उद्देश्य रहेको प्रष्ट पार्नुभयो।

यो देशव्यापी 'खेत बचाओ अभियान' आगामी सोमबारदेखि ३० जुनसम्म सञ्चालन हुनेछ। कृषि तथा किसान कल्याण मन्त्रालयका अनुसार यस अभियानमा सबै सहभागी संस्थाहरूको मुख्य संयोजकको रूपमा 'कृषि विज्ञान केन्द्र'लाई जिम्मेवारी दिइएको छ। अभियानका लागि देशभरि १ हजार ६ सयभन्दा बढी टोलीहरू गठन गरिएका छन्, जसमध्ये ५ सय टोलीहरू रासायनिक मलको अत्यधिक प्रयोग हुने १०० वटा जिल्लाहरूका लागि विशेष रूपमा परिचालन गरिनेछ।

## मन्त्री वैष्णवद्वारा नोइडा भ्रमण

केन्द्रिय इलेक्ट्रोनिक्स तथा आईटी मन्त्री अश्विनी वैष्णव आज ग्रेटर नोइडाको सुरजपुरस्थित 'लोहम' (LOHUM) उद्योगको भ्रमण गर्नुभयो। यस उद्योगले वातावरण अनुकूल र दिगो रूपमा महत्त्वपूर्ण खनिज तथा आधुनिक सामग्रीहरूको उत्पादन गर्दै आएको छ।

सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री वैष्णवले आधुनिक प्रविधिहरूमा लिथियम ब्याट्री र स्थायी चुम्बकको भूमिका निकै महत्त्वपूर्ण हुने बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले यी सामग्रीहरू भारतमै उत्पादन हुनुपर्ने र यसको प्रविधि पनि स्वदेशमै विकसित गरिनुपर्ने लक्ष्य राख्नुभएको उहाँले उल्लेख गर्नुभयो। सोही दृष्टिकोण अनुरूप 'लोहम' नामक युवा स्टार्टअप कम्पनीले यो जटिल प्रविधि सफलतापूर्वक विकास गरेको मन्त्री वैष्णवले जानकारी दिनुभयो।

## भ्वाइस च्याटबोट 'समाधान दिदी' को सुरुवात

केन्द्रिय राज्यमन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा एआई (AI) द्वारा सञ्चालित सीपीग्राम्स भ्वाइस च्याटबोट 'समाधान दिदी' को शुभारम्भ गर्नुभयो। प्रशासनिक सुधार र जनगुनासो विभागले 'भाषिनी' सँगको सहकार्यमा विकास गरेको यस च्याटबोटले नागरिकहरूलाई कुराकानीकै माध्यमबाट सहजै आफ्ना गुनासोहरू दर्ता गर्न अनुमति दिनेछ।
सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै मन्त्री सिंहले 'समाधान दिदी' सरकारको जनगुनासो सुनुवाइ संयन्त्रलाई लोकतान्त्रिकरण गर्ने दिशामा एउटा ठुलो कदम भएको बताउनुभयो।

## खडकवासलामा एनडिए पासिङ आउट परेड

थलसेना अध्यक्ष जनरल उपेन्द्र द्विवेदीले भारतीय सशस्त्र बल उच्च सतर्क अवस्थामा रहेको र परिस्थिति अनुसार आवश्यक परे 'अपरेशन सिन्दूर २.०' का लागि तयार रहेको बताउनुभएको छ। पुणेको खडकवासलास्थित राष्ट्रिय रक्षा एकेडेमी को १५० औं ब्याचको पासिङ आउट परेडलाई सम्बोधन गर्दै जनरल द्विवेदीले 'अपरेशन सिन्दूर' ले देशको सुरक्षा चुनौतीहरूको सामना गर्न भारतको सटिकता र दृढतालाई प्रमाणित गरेको उल्लेख गर्नुभयो।

सेना प्रमुखले अपरेशन सिन्दूरले राष्ट्रको संकल्पलाई दर्शाएको र सेनाका विभिन्न अंगहरूबीचको आपसी समन्वयको महत्त्वलाई उजागर गरेको बताउनुभयो। उहाँले नयाँ पास आउट भएका क्याडेटहरूलाई व्यावसायिकता, नेतृत्व र देश सेवाको उच्च मापदण्ड कायम राख्न आग्रह गर्नुभयो। यस अवसरमा जनरल द्विवेदीले महिला क्याडेटहरूको उत्कृष्ट प्रदर्शनको प्रशंसा गर्दै वीरता, दृढ संकल्प र सैन्य कौशल कुनै लिङ्ग विशेषमा मात्र सीमित नहुने प्रष्ट पार्नुभयो।

## **पीएम सेतु - आईटीआई (आन्ध्र प्रदेश)**

आन्ध्र प्रदेशको विशाखापट्टनम आईटीआई क्लस्टरका लागि 'पीएम-सेतु' योजना अन्तर्गत रणनैतिक लगानी योजना (एसआईपी) लाई राष्ट्रिय सञ्चालन समितिले स्वीकृति दिएको छ। यो योजना

‘आर्सेलर मित्तल निप्पन स्टिल इन्डिया’ नामक एक निजी कम्पनीले पेश गरेको हो। नयाँ दिल्लीमा आयोजित केन्द्रिय सीप विकास तथा उद्यमशीलता मन्त्रालयको तेस्रो बैठकमा यो स्वीकृति दिइएको हो। ‘पीएम-सेतु’ सरकारको एक प्रमुख गौरवशाली योजना हो, जसका लागि ६० हजार करोड रुपैयाँ बजेट छुट्याइएको छ। यस योजनाको मुख्य उद्देश्य देशका एक हजार सरकारी आईटीआईहरूलाई उद्योगको नेतृत्वमा नयाँ र आधुनिक ढङ्गले रुपान्तरण गर्नु हो।

## म्यान्मारका राष्ट्रपतिको दिल्ली आगमन

म्यान्मारका राष्ट्रपति यु मिन आङ ह्लाइङ भारतको पाँच दिने औपचारिक भ्रमणको सिलसिलामा आज साँझ नयाँ दिल्ली आइपुग्नुभएको छ। केन्द्रिय विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले उहाँलाई स्वागत गर्नुभयो। यसअघि आजै राष्ट्रपति ह्लाइङले बिहारको गया भ्रमण गरी प्रसिद्ध महाबोधि मन्दिरमा पूजाअर्चना गर्नुभएको थियो।

उहाँको साथमा म्यान्मारका धेरै क्याबिनेट मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू र व्यापारिक नेताहरू सम्मिलित एक उच्च स्तरीय प्रतिनिधिमण्डल रहेको छ। वर्तमान ओहोदामा बहाल भएपछि राष्ट्रपति यु मिन आङ ह्लाइङको यो पहिलो भारत भ्रमण हो।

उहाँले आगामी सोमबार प्रधानमन्त्री नरेन्द्र मोदीसँग दुई देशबीचको ऐतिहासिक तथा सभ्यतागत सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा द्विपक्षीय वार्ता गर्नुहुनेछ।

## केरालामा डिआरआईद्वारा ठुलो परिमाणमा लागुऔषध बरामद

राजस्व अनुसन्धान निर्देशनालय (DRI) ले केरालामा एक ठुलो लागुऔषध विरुद्धको संयुक्त कारबाही चलाएर भारी परिमाणमा प्रतिबन्धित लागुऔषध तथा नशालु पदार्थ बरामद गरेको छ। वित्त मन्त्रालयका अनुसार, 'अपरेशन चक्रव्यूह' अन्तर्गत कोच्ची, मलाप्पुरम र तिरुवनन्तपुरमबाट २४ किलोग्रामभन्दा बढी लागुऔषध जफत गरिएको हो। मन्त्रालयले दिएको जानकारी अनुसार यस संजालमा संलग्न मुख्य योजनाकारसहित पाँच जनालाई लागुऔषध तथा मनोरोग सम्बन्धी ऐन (NDPS) १९८५ अन्तर्गत पक्राउ गरिएको छ।

## सिङ्गापुर ओपन ब्याडमिन्टन

आज भएको सिङ्गापुर ओपन प्रतियोगिताको मिक्स डबल्सब्याडमिन्टन खेलको सेमिफाइनलमा भारतका ध्रुव कपिला र तनिषा क्रास्टोको जोडी जापानका सायका होबारा र U E ची सिमोगामीसँग पराजित भएको छ।

यसैबीच, पुरुष डबल्सतर्फ भारतका सात्विकसाईराज रङ्कीरेड्डी र चिराग शेट्टीको जोडीले उत्कृष्ट जित दर्ता गर्दै फाइनलमा स्थान बनाएको छ। सेमिफाइनल खेलमा दक्षिण कोरियाका खेलाडीलाई सोझो सेटमा पराजित गर्दै भारतीय जोडी फाइनलमा प्रवेश गरेको हो।

--------